सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५१ | गान्तोक, (शनिबार) सितम्बर २२, २०१८ | अङ्क ३८

## राज्यपाल प्रसादको केन्द्रिय मन्त्रीसित भेट

**गान्तोक।** सिक्किमका राज्यपाल गंगा प्रसादले केन्द्रिय कृषि एवम् कृषक कल्याण मन्त्री राधा मोहन सिंहलाई नयाँ दिल्लीस्थित उहाँको कार्यलयमा भेट गर्नुभयो।

केन्द्रिय मन्त्रीसित भएको शिष्टाचार भेटमा राज्यपालले सिक्किममा चलिरहेको जैविक खेती विषयमा व्यापक विचार विमर्श गर्नुभयो।

केन्द्रिय मन्त्री सिंहले पनि मन्त्रालयको तर्फबाट सिक्किममा जैविक खेतीलाई प्रोत्साहनको निम्ति हरसम्भव सहयोग गर्ने आश्वासन दिनुभयो।

यसैगरी, राज्यपाल प्रसादले सिक्किम हाउसमा हरियाणाका राज्यपाल सत्यदेव नारायण आर्यसित पनि शिष्टचार भेट गर्नुभयो।

## मन्त्रीद्वारा सीएमआरएचएम घरको उद्घाटन

**गेलिङ।** सालघआरी–जूम क्षेत्रका विधायक अर्जुनकमार घतानीले यस क्षेत्रमा (सीएमआरएचएम) चरण १)– अन्तर्गत बनाइएका छ वटा घरको उद्घाटन गर्नुभयो। उहाँले उद्घाटन गरेका घरहरू सामसिङ पिपले अनि गेलिङ–बैगुने ग्राम पञ्चायत एकाइ (जीपीयू) भित्र पर्दछन्। उहाँले यी घरहरू उद्घाटन गरेर सामसिङ पिपले जीपीयू–का पवित्र राई, डालुराम शर्मा, कविता शर्मा अनि गेलिङ–बैगुने जीपीयू–का रघुबीर छेत्री,धनराज सुब्बा र मगिता राईलाई गृह प्रवेश गराउनुभयो। उद्घाटनको क्रममा क्षेत्र विधायक घतानीले लाभार्थी साथै स्थानीयवासीसित विभिन्न विषयमा अन्तक्रिया गर्नुभयो।

उहाँले सिक्किमका मानिसहरूको सामाजिक साथै आर्थिक अवस्थामा सुधार गर्न राज्य सरकार प्रतिबद्ध रहेको कुराको जानकारी गराउनुभयो।

## पत्रकारहरूका निम्ति पुनरभ्यास प्रशिक्षण आयोजित



**गान्तोक।** सूचना एवम् जन सम्पर्क विभागका अधिकारी, कर्मचारी लगायत स्थानीय विभिन्न इलेक्ट्रोनिक र प्रिन्ट पत्र–पत्रिका पत्रकारहरूलाई पत्रकारिता भित्र पर्ने कुराहरूलाई जानकारी गराउने उद्देश्यका साथ १७ सितम्बरदेखि शुरू भएको तीन दिवसीय पुनरभ्यास (रिफ्रेशर) प्रशिक्षण कार्यक्रम १९ सितम्बरका दिन समापन भयो। सूचना भवनको सम्मेलन कक्षमा सम्पन्न प्रशिक्षण कार्यक्रमको आयोजना सूचना एवम् जन सम्पर्क विभागले गरेको थियो। विभागीय मन्त्री अर्जुन कुमार घतानीले विश्वकर्मा पूजाको दिन उद्घाटन गर्नुभएको कार्यक्रममा विभागीय सचिव श्रीमती सेराप सेङ्गा, निर्देशक टाशी छोपेल लगायत अन्यको उपस्थिति थियो। प्रशिक्षणमा निम्ति उड्डीसाको भारतीय जन सञ्चार संस्थानका निर्देशक प्राध्यापक मृनाल च्याटर्जी अनि कलकता प्रेश क्लबका अध्यक्ष स्नेहासिस सूर स्रोतवक्ताका रूपमा रहेका थियो।

प्रशिक्षण सत्रमा सूचना विभागका अधिकारी एवम् कर्मचारी तथा स्थानीय पत्र–पत्रिकाका पत्रकारहरू गरी कुल ३५ जनाले भाग लिएका थिए। यसअवधि प्रेस विज्ञप्ति लेखन सैली, फिचर राइटिङ, म्यागेजिनका लागि लेख, पत्रकारिता विकास, डेटा पत्रकारिता, भिडियो पत्रकारिता,वृत्तचित्र, भिडियो समाचार विज्ञप्ति (भीएनआर), फोटोग्राफी, मोबाइल पत्रकारिता, सोस्यल मिडिया, विधानसभा रिपोर्टिङ अनि कानूनी रिपोर्टिङ आदि विषयमा दुईजना स्रोतवक्ताले जानकारी गराए।

पीसीएस–का अध्यक्ष लेप्चाले प्रशिक्षण आयोजनका निम्ति सम्पूर्ण पत्रकार परिवारको तर्फबाट सूचना विभागप्रति आभार व्यक्त गर्दै यस कार्यक्रमले प्रतिभागीहरूलाई आगामी दिनमा धेरै लाभ पुऱ्याउने आशा व्यक्त गर्नुभयो।

## राज्य आपदा जोखिम न्यूनीकरण दिवस पालन




**गान्तोक।** सिक्किम राज्य आपदा प्रबन्धन निकाय, भू–राजस्व एवम् आपदा प्रबन्धन विभागद्वारा 'आपदा प्रबन्धनमा स्वयमसेवीवाद'–को ध्येयमा आयोजित राज्य आपदा जोखिम न्यूनीकरण दिवस चिन्तन भवनमा सम्पन्न भयो। १८ सितम्बरका दिन सम्पन्न कार्यक्रममा मुख्य अतिथि रहनुभएका राज्यका मुख्यमन्त्री पवन चामलिङले आपदालाई कमि गर्ने उद्देश्यले विभिन्न गतिविधिमा सक्रिय रूपमा सहभागिता जनाएकोमा सिक्किम राज्य आपदा प्रबन्धन निकाय (एसएसडीएमए)–को सराहना गर्नुभयो। उहाँले कसरी सिक्किमको ब्राण्ड राज्यभरि नै फैलिरहेको छ भन्ने कुरामाथि प्रकाश पार्नुहुँदै सरोकारवालाहरूको प्रशिक्षण, क्षमता विकास, सचेतना र सुग्राहीकरण आदि जस्ता कार्यक्रमको प्रशंसा गर्नुभयो जसको कारण राज्यलाई आपदाको समयमा तयार रहन सहयोग पुगेको छ।

मुख्यमन्त्रीले आपदा प्रबन्धनको क्षेत्रमा संलग्न सबै प्रमुख सहायक, गैर सरकारी संस्था (एनजीओ), स्वयं सहायता समूह (एसएचजी)–लाई गणतन्त्र दिवसको अवसरमा अभिनन्दित गर्ने घोषणा गर्नुभयो। आपदा प्रबन्धनको क्षेत्रमा सिक्किमलाई २०२०–सम्ममा नमूनाको राज्य बनाउने पनि उहाँले यस अवसरमा घोषणा गर्नुभयो। स्वयंको विकासका बारेमा बोल्नुहुँदै मुख्यमन्त्री चामलिङले विगतको समयमा सिक्किमेहरू एकार्कामा धैरै करिब अनि सहयोगी रहेको कुरा पनि बताउनुभयो। यस्तो अवस्थामा प्रगाण सम्बन्ध हुने गर्दथियो अनि सामुदायिक सहभागीता अति नै महत्वपूर्ण थियो भन्नुहुँदै सबैसित एकार्कालाई सहयोग गर्ने सोचलाई बढाउनका साथै स्वामित्वको भावना उत्पन्न गर्न आग्रह गर्नुभयो। उहाँले रोकथामका उपायहरू अप्नाउन अनि प्राथमिक जाँच गर्नुपर्ने कुरामा जोर दिनुहुँदै ताकि अन्तिम लक्ष्य अधिक मजबुत अनि फलदायक होस भन्नुभयो। उहाँले मुख्य सचिव एके श्रीवास्तवलाई सबै नयाँ पूर्वाधारहरू भूकम्परोधी बनिनुपर्ने कुरामाथि ध्यान दिन निर्देश दिनुभयो।

मुख्यमन्त्रीले अघि भन्नुभयो, ग्लोबल वार्मिङ विश्वमा प्राकृतिक विनाशको मुख्य कारण बनेको छ अनि कीटनाशकको प्रतिबन्ध र नसडिने कुराको प्रयोगले पर्यावरणलाई व्यापक क्षति पुऱ्याउँदछ। मानवजाति अनि प्रकृतिको सहअस्तित्व मुख्य लक्ष्य भएको कारण राज्य सरकारले सिक्किममा कार्यान्वित गरेका विभिन्न पर्यावरणीय नीतिमाथि मुख्यमन्त्रीले प्रकाश पार्नुभयो। ''जैविक सिक्किम''–को ब्राण्डले विश्वभरि नै प्रशंसा र मान्यता कमाएको छ त्यसकारण राज्यको छविलाई अघि लैजानका लागि भविष्यमा पनि यसको प्रयोग गर्न मानिसहरूलाई मुख्यमन्त्रीले प्रोत्साहित गर्नुभयो। उहाँले आगामी वर्षको शैक्षिक सत्रदेखि प्राथमिक स्तरमा आपदा प्रबन्धनलाई एउटा विषयको रूपमा शुरू गर्ने घोषणा गर्नुभयो। आपदा प्रबन्धनको शिक्षाको महत्वमाथि जोर दिनुहुँदै उहाँले भन्नुभयो, ग्राम पञ्चायत एकाइ (जीपीयू)–स्तरदेखि नै यस विषयमा सचेतनामूलक कार्यक्रम शुरू गर्नुपर्छ। अन्तमा उहाँले सबै सरोकारवाला, विद्यार्थी लगायत आम नागरिकलाई समग्रमा सूचना अनि जागरूकतामूलक कार्यक्रमको सही प्रयोग गर्न आग्रह गर्नुभयो जसले प्राकृतिक प्रकोपबाट हुने आपदाको प्रभावलाई न्यूनीकरण गर्नमा सहयोग पुग्नेछ।

## प्रधानमन्त्रीको भ्रमणलाई लिएर बस्यो अन्तिम सभा

**गान्तोक।** आगामी २३ सितम्बरका दिन हुने प्रधानमन्त्री नरेन्द्र मोदीको सिक्किम भ्रमणलाई लिएर १९ सितम्बरका दिन अन्तिम तयारी सभा बस्यो। राज्यका मुख्य सचिव एके श्रीवास्तवले सभाको अध्यक्षता गर्नुहुँदै प्रधानमन्त्रीको कार्यक्रम सूचीको जानकारी गराउनुभयो। २४ सितम्बरको शुरूमा प्रधानमन्त्रीले पाकिम हवाइअड्डाको उद्घाटन गरेपछि सन्त जेभियर विद्यालयको खेल मैदानमा हुने जनभेलालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

प्रत्येक विभागले गरेको तयारीको विस्तृत विवरण प्रस्तुत गर्नुहुँदै उहाँले अघिको सभामा सम्बन्धित विभागलाई बाँटिको कामबारे पुनः सूचित गराउनुभयो। यस अवसरमा सडक एवम् पुल विभागले मरम्मत गरेको सडक अनि एनएचआइडीसीएल–द्वारा सडक छेउमा रहेको ढुङ्गा हटाउनका साथै रानीपुलदेखि पाकिमसम्मको सडकह्रमार्गलाई व्यवस्थित गरिनुपर्ने जस्ता मुख्य मुद्दाबारे चर्चा गरियो।

भीभीआइपी–हरूलाई सुरक्षा पास जारी गरिनुपर्ने विषयमा चर्चा गर्नका साथै गृह विभाग (प्रोटोकल)–द्वारा विशेष शाखा (स्पेस्यल ब्राञ्च)–सितको समन्वयनमा आवश्यक प्रावधानहरू तयार पारिँदै गरेको विषयमा पनि जानकारी गराइयो।

मुख्य सचिवले हवाइअड्डा अनि जनभेला स्थलको सजावटको बारेमा पनि सभाको अवसरमा चर्चा गर्नुभयो। स्टेज तयारी, वाटरप्रुफ टेन्डको प्रावधानका लागि भवन एवम् आवास विभाग र पाकिम बजारको सुन्दरीकरणका साथै हवाइअड्डा क्षेत्रको देखभालका लागि शहरी विकास एवम् आवास विभागलाई मुख्य सचिवले निर्देश दिनुभयो।

ऐतिहासिक रूपमा महत्वपूर्ण अवसरको सफलतालाई सुनिश्चित गर्न सबै सम्बन्धित विभाग एकैसाथ अघि आउनुपर्छ भनी आग्रह गर्नुहुँदै सक्रिय सहभागिता हुनुपर्छ भनी बताउनुभयो।

# जिल्ला प्रशासनको टोलीद्वारा पैह्रोग्रस्त स्थानको भ्रमण

**गेजिङ।**
पश्चिमका अतिरिक्त जिल्लापाल कर्मा लोडे लेप्चासहित पुलिस अधिक्षक (एसपी) तेञ्जीङ लोडेन लेप्चाले ८ सितम्बरका दिन सोमको लामो समयदेखि पैह्रो प्रभावित स्थानको भ्रमण गर्नुभयो। स्थानीयवासीले झेल्दै आइरहेको समस्याको सम्भव हुनसक्ने परिणाम अनि समाधानको समिक्षा गर्न गएको एडीसी र एसपी-सहितको भ्रमण टोलीमा सडक एवम् पुल विभागअन्तर्गत प्रधानमन्त्री ग्राम सडक योजना र वन विभागका अधिकारीहरू पनि रहेका थिए।

अतिरिक्त जिल्लापालले जतिसक्तो छिटो यस समस्याको समाधान निकाल्नका लागि यी स्थान वरपर बसोबास गर्ने मानिसहरूसित समन्वयन राख्ने आग्रह गर्न अधिकारीहरूलाई निर्देश दिनुभयो। उहाँले अधिकारीहरूसित प्रभावित मानिसहरूको गुनासो सुन्न आग्रह गर्नुहुँदै सर्वसाधारणको सुविधाका लागि ट्राफिक सुचारू गर्ने योजना बनाउने अनुरोध गर्नुभयो।

प्रभावित मानिसहरूलाई यस कुराको विस्तारपूर्वक विभागले जानकारी गराउनका लागि प्राविधिक पहुँचसितै आवश्यक कार्य योजना तयार पार्न एसपीले विद्युत विभागका वरिष्ठ अभियन्तासित अनुरोध गर्नुभयो। सडकमा आएर बसेका ठूल्ठूला ढुङ्गा हटाउन भन्दा अघि आवश्यक सुरक्षाका उपायहरू अप्नाउनुपर्ने उहाँले बताउनुभयो।

उहाँले देन्ताम लगायत यस भेकबाट जिल्ला मुख्यालय गेजिङ आवत जावत गर्ने मानिसहरूका लागि वैकल्पिक मार्ग उपलब्ध भए त्यसको प्रतिवेदन बुझाउन पनि वरिष्ठ अभियन्तालाई आग्रह गर्नुभयो

सडक एवम् पुल विभागका अधिकारीले देन्ताम अनि यस भेकका मानिसहरूसित आफ्नो आधिकारिक कार्यका लागि रिञ्चेनपोङदेखि याङसुम, चिङथाङ अनि लेगशेप हुँदै गेजिङ पुग्ने मार्गलाई अप्नाउन आग्रह गर्नुभयो।

# राज्य स्तरीय विज्ञान संगोष्ठिको समापन

**गान्तोक।**
सिक्किमको राज्य शैक्षिक अनुसन्धान अनि प्रशिक्षण परिषद् (एससीईआरटी)-द्वारा ७ सितम्बरका दिन रानीपुलस्थित वृहस्पति पर्साइ सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा राज्य स्तरीय विज्ञान संगोष्ठि-२०१८ आयोजन गरियो। औद्योगिक क्रान्ति ४.०: के हामी तयार छौं? भन्ने विषयमा आयोजित संगोष्ठिमा १२ जना विद्यार्थीले सहभागिता जनाएका थिए। व्यापक भेला रहेको यस संगोष्ठिमा प्रतिभागीको रूपमा रहेका प्रत्येक जिल्लाका तीनजना प्रतिभागीले आफ्नो प्रस्तुति दिए। यस अवसरमा विद्यार्थीवर्ग, शिक्षक-शिक्षिकागण लगायत मानव संसाधन विकास विभागका अधिकारीगणको उपस्थिति रहेको थियो। १२-जना विद्यार्थीहरूमा पश्चिम जिल्लाको पेलिङ, उत्तरको मगन, दक्षिणको नाम्ची अनि पूर्वको गान्तोकमा गत महिना आयोजित जिल्ला स्तरीय संगोष्ठिमा विजयी भएका प्रतिभागीहरू हुन्।

एससीईआरटी-का निर्देशक डा. रबिन छेत्रीले स्वागत सम्बोधन राख्नुहुँदै चौथो पीडिका लागि रहेको प्रौद्योगिक क्रान्तिको सार्थकता र महत्व अनि यसका निम्ति हामी कतिको तयार छौं भन्ने विषयमा प्रकाश पार्नुभयो।

कार्यक्रमका मुख्य अतिथि मानव संसाधन विकास विभागका अतिरिक्त मुख्य सचिव जीपी उपाध्यायले राष्ट्रिय स्तरको संगोष्ठिका लागि आफ्नो प्रस्तुतिमा सुधार गर्न विजयीहरूलाई सुझाउ दिनुभयो।

प्रतियोगितामा प्रथम स्थान ओगट्दै पूर्व जिल्लाको नामचेबुङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयकी सुश्री दाउकित लेप्चालाई उत्कृष्ट वक्ताको रूपमा चयनित गरियो। यसका साथै रम्फू सरकारी वरिष्ठ माध्यमिक विद्यालयका आशिष दङ्गाल अनि तादोङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयकी ओनेसिमस सुन्दास क्रमश दोस्रो अनि तेस्रो भए।

राज्य स्तरको संगोष्ठिमा विजयी बन्ने प्रतिभागीले आगामी ५ अक्टोबरका दिन बङ्गलोरको विश्वेश्वर्य प्रौद्योगीकी अनि प्राविधिक संग्रहालयमा सम्पन्न हुने राष्ट्रिय स्तरको संगोष्ठिमा प्रतिनिधित्व गर्नेछन्।

# सार्वजनिक खेल मैदान निर्माणको निम्ति मन्त्री लेप्चाद्वारा भूमि पूजन

**पाकिम।**
रिकेपमा मन्त्री डीटी लेप्चाले सार्वजनिक खेल मैदान निर्माणको निम्ति भूमि पूजन गर्नुभयो। यो स्थान नाथाङ-माछोङ क्षेत्र भित्र पर्दछ। क्षेत्र विधायक पनि रहनुभएका मन्त्री लेप्चाले भूमि पूजनपछि खेल मैदानका निम्ति प्रस्तावित जमीनको निरीक्षण गर्नुहुँदै परियोजनाको निर्माण कार्यबारे अभियन्ता र पञ्चायतहरूसित चर्चा गर्नुभयो।

जमीनको निरीक्षण पछि मन्त्री लेप्चाको पञ्चायत, स्थानीय मानिस तथा विभागीय अधिकारीहरूका साथमा खेल मैदानको निर्माणबारे चर्चा गर्ने उद्देश्य लिएर सभा बस्यो। मन्त्रीले उपस्थित अभियन्ताहरूलाई निर्माण कार्यको रेखदेख गर्न निर्देश दिनुहुँदै जमीनको सहीरूपमा प्रयोग गर्न आग्रह गर्नुभयो। पञ्चायत साथै सर्वसाधारणसित खेल मैदानको निर्माण कार्य ९ सितम्बरदेखि नै शुरू गरेर समयमा पूरा गर्न मन्त्रीले आग्रह गर्नुहुँदै जसको कारण आगामी वर्षमा सम्पन्न हुने पारम्परिक उत्सव माघे मेला यसै खेल मैदानमा पालन गर्न सकियोस भनी बताउनुभयो।

कुनै पनि समारोह, सभा, उत्सव आदि आयोजन गर्नका लागि यस स्थानमा वृहत खेल मैदानको आवश्यकता रहेको कारण यस महान कार्यको निम्ति योगदान दिन स्थानीय पञ्चायत तथा मानिसहरूलाई सक्रिय रूपमा सहभागिता जनाउन मन्त्रीले अनुरोध गर्नुभयो। शुरूवाती क्षणमा यस खेल मैदानका निम्ति सरकारबाट कोष स्वीकृत नभएको तर क्षेत्रका मानिसहरूका कल्याणका लागि मैदानको निर्माण गर्ने पहल गरिएको हो, मन्त्रीले भन्नुभयो।

उहाँले उपस्थित मानिसहरूलाई जानकारी गराउनुहुँदै भन्नुभयो, खेल मैदान निर्माण गर्नका लागि आवश्यक प्राविधिक सहयोग पाकिम र पारखा खण्ड प्रशासनिक केन्द्रको जन कार्य विभाग (पीडब्ल्यूडी), प्रधानमन्त्री ग्राम सडक योजना (पीएम) अनि भवन तथा आवास विभागका अभियन्ताहरूले उपलब्ध गर्नेछन्। यस खेल मैदानको निर्माणका लागि मन्त्री डीटी लेप्चाले आफ्नो तर्फबाट स्थानीय समितिलाई रू. ५०,००० सहयोग राशि प्रदान गर्नुभएको छ।

स्थानीयवासीको तर्फबाट एनटी भोटियाले यस पहलको निम्ति विधायक लेप्चाप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले यस क्षेत्रमा कुनै पनि सार्वजनिक खेल मैदान नभएको कारण आवश्यकता अनुरूप यो परियोजना चालु गर्ने पहल गरिएको हो भनी बताउनुभयो। वर्तमान सरकारको राज्यका प्रत्येक क्षेत्रमा सार्वजनिक खेल मैदान हुनुपर्छ भन्ने नीतिअनुरूप सिक्किम पुलिस विभागले किनेको विगत २५ वर्षदेखि प्रयोग बीहीन रहेको यस जमीनमा खेल मैदान निर्माण गर्ने निर्णय लिइएको हो। सिक्किम पुलिस विभागको पूर्वाधार निर्माणका लागि अझ केही जमीन खालि रहेको छ।

# वरिष्ठ नागरिकका निम्ति मनोरञ्जनात्मक भ्रमण

**गेजिङ।**
वरिष्ठ नागरिकहरूका निम्ति अप्पर खामदोङ (लियोङ)-को नव जागरण नामक सामाजिक क्लबद्वारा एक दिवसीय उत्साह तथा मनोरञ्जनात्मक भ्रमणको आयोजन गरियो। छिमेकी राज्य पश्चिम बंगालको कालेबुङ जिल्लास्थित डेलोको भ्रमणको नेतृत्व क्लबका सभापति मिङमा भोटियाले गर्नुभएको थियो।

यस अभियानको उद्देश्य हाम्रो जीवनमा वरिष्ठ नागरिकहरूको सम्मान, माया तथा देखरेख गर्नु रहेको थियो। वृद्ध-वृद्धाले कुनै पनि कार्य आफू स्वयंबाट गर्न असमर्थ रहने भएको कारण उहाँहरूलाई सहयोग गर्नु हाम्रो दायित्व हो भन्ने संदेश आजको समाजलाई दिनु यस अभियानको उद्देश्य रहेको पनि बताइएको छ। हामीले उहाँहरूलाई सराहना गर्दैं सहयोग प्रदान गरेको खण्डमा वृद्ध-वृद्धाले सम्मानित भएको महसुस गर्दछन्। यद्यति, अति दुःखको कुरा के छ भने आजको समाजमा उहाँहरूले इज्जत नपाएको देखिन्छ गरेको बताइएको छ।

# ४ अक्टोबरदेखि पाकिम हवाइअड्डाबाट उडान शुरू हुने

**पाकिम।**
४ अक्टोबरका दिनदेखि पाकिम ग्रिन फिल्ड हवाइअड्डामा स्पाइसजेटले यात्रुवाहक उडान ल्याण्ड गर्ने भएको छ। पहिलोपल्ट ४ अक्टोबरका दिन उडान शुरू गर्ने भनी तयार गरेको मितिलाई सारेर ८ अक्टोबर बनाइएको थियो। यो हवाइअड्डा प्रधानमन्त्री नरेन्द्र मोदीको बाहुलीबाट २४ सितम्बरका दिन उद्घाटन हुनेछ। स्पाइसजेट अधिकारीहरूले राज्यका मुख्यमन्त्री पवन चामलिङलाई एकोहोरो यात्राको निम्ति हालै टिकट प्रदान गरिसकेको छ।

कलकताबाट बिहान ९:३०-मा उडान भरने स्पाइसजेट उडान पाकिम हवाइ अड्डामा १०:५५ मा ल्याण्ड हुनेछ। १५ अक्टोबरसम्म पाकिम हवाइ अड्डाबाट बिहान ११:१५ बजी प्रस्थान हुने हवाइ जहाज कलकतामा दिउँसो १२:४५-मा पुग्नेछ अनि १६ अक्टोबरदेखि बिहान ११:१५-मा गुवाहाटी प्रस्थान भएको हवाइ जहाज बेलुकी २:५०-मा वापस फर्किने जानकारी छ। सोही प्रकारले पाकिमबाट २:५०-मा कलकता हिडेको हवाइ जहाज बेलुकी ४:२०-मा त्यहाँ ल्याण्ड गर्ने बताइएको छ। क्षेत्रीय सम्पर्क योजना उडानअन्तर्गत पाकिम हवाइ अड्डाबाट उडान भर्ने अनुमति केवल स्पाइसजेट एयरलाइन कम्पनिले मात्र पाएको छ। ज्ञात रहोस, यसै वर्षको १० मार्चका दिन भएको परिक्षणको समयमा स्पाइसजेटले यस हवाइ अड्डामा ७८ सिट भएको बमबार्डियर क्यू४०० सिरिस एयरक्राफ्ट सफलता पूर्वक ल्याण्ड गर्न सफल भएको थियो।

यस पहाडी क्षेत्रमा विशेष गरी मौसमका साथै अन्य विभिन्न चुनुतीहरू भएको सिक्किम राज्यका निम्ति रहेको एक वृहत परियोजनाको लागत ६०० करोड भन्दा अधिक रहेको छ। यस हवाइ अड्डाबाट स्वचालित मोड नभएर इन्ट्रुमेन्टल मोडमा चल्ने हवाइ जहाजका निम्ति पूर्ण रूपले मौसमको अवस्थामा निर्भर पर्नुपर्ने हुन्छ।

# सामाजिक कल्याण विभागद्वारा हौसला २०१८ आयोजित

**गान्तोक।**
सामाजिक न्याय, सशक्तिकरण एवम् कल्याण विभागअन्तर्गत एकिकृत बाल सुरक्षा योजना (आइसीपीएस)-द्वारा 'हौसला २०१८' नामक राज्य स्तरीय भेला आयोजन गरियो। ''बाल हेरचाह संस्थान (सीसीआइ)-मा नानीहरूको मनोरञ्जनात्मक जीवन''-को ध्येयमा रहेको कार्यक्रम रासिथाङस्थित खेलगाउँमा सम्पन्न भयो।

आइसीपीएस-की अतिरिक्त सचिव एवम् निर्देशक किश्नो डोमा को विशेष उपस्थितिमा सम्पन्न कार्यक्रममा संयुक्त सचिव एवम् कार्यक्रम प्रबन्धक बन्दना राई लगायत विभागीय अधिकारी अनि कर्मचारीको उपस्थिति थियो।

बाल-बालिकालाई उनीहरूमा भएको रचनात्मक, अकादमिक अनि शारीरिक क्षमतालाई व्यक्त गर्ने स्थान दिने उद्देश्यले महिला एवम् बाल विकास मन्त्रालयको निर्देशनमा कार्यक्रमको आयोजन गरिएको हो। राज्यको चारै जिल्लाका २७ सीसीआइ-मा भएका २५० भन्दा अधिक बाल-बालिकाहरूले उत्सुकताका साथ कार्यक्रममा सहभागिता जनाएका थिए।

यस अवसरमा एथ्लेटिक्स, फूटबल, चित्रकला, निबन्ध, कविता पठन, सांस्कृत प्रस्तुति लगायत अन्य विभिन्न गतिविधिहरू रहेका थिए। बाल-बालिकाले प्रदर्शन गरेको रचनात्मक अनि जोसिला कार्यक्रमको सराहना गर्दै विजयी प्रतिभागीहरूलाई किश्नो डोमाको बाहुलीबाट प्रमाणपत्र प्रदान गरियो। उहाँले यस अवसरमा सहभागि बन्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। अतिरिक्त सचिवबाट प्राप्त जानकारीअनुसार यस प्रतियोगितामा विजयी बन्ने प्रतिभागीले क्षेत्रीय स्तरमा भाग लिने अवसर पाउनेछन्। क्षेत्रीय स्तरको भेलामा उत्तरपूर्वीका आठवटै राज्यले सहभागिता जनाउनेछन्।

# होण्डा पावर ट्रिलरको मोडलबारे प्रशिक्षण आयोजित

**गान्तोक।**
होण्डा पावर ट्रिलरको दुईवटा मोडलबारे पश्चिम जिल्लाका विभिन्न स्थानमा चार दिवसीय मूलभूत प्रशिक्षण कार्यक्रम आयोजन गरियो। १३-देखि १६ सितम्बरसम्म आयोजित प्रशिक्षण कार्यक्रममा मालबाँसे, हि-गाउँ, गेजिङ र च्याखुङका मानिसहरूलाई यस यन्त्रको बारेमा जानकारी गराइयो।

होण्डा एसआईएल पावर लिमिटेडद्वारा खाद्य सुरक्षा एवम् कृषि विकास विभागको कृषि अभियान्त्रीकी प्रभागसितको संयुक्त तत्वावधानमा कार्यक्रमको आयोजन गरिएको थियो।

२१-देखि २३ सितम्बरसम्म किर्लोसकार मिन्ट५ पावर ट्रिलर (डिजलबाट चल्ने)-को रखरखाउबारे मूलभूत प्रशिक्षण कार्यक्रम आयोजन गरिनेछ। पश्चिम जिल्लाका दुर्ईस्थानमा आयोजन गरिने प्रशिक्षण कार्यक्रम दरामदिनस्थित कृषि फार्म, लोअर मार्ताम र गेजिङ कृषि गोदाममा सम्पन्नन हुनेछ।

# मन्त्री अनि क्षेत्र विधायकद्वारा पैह्रो प्रभावित क्षेत्रको भ्रमण

**मगन।**
सिक्किम सरकारका मन्त्री एवम् लाचेन मगन समष्टिका विधायक छिरिङ बाङ्दी लेप्चा र सिक्किम विधानसभा उपाध्यक्ष एवम् जङ्गु समष्टिका विधायक सोनाम ग्याछो लेप्चाले १४ सितम्बरका दिन उत्तर सिक्किमको विभिन्न पैह्रो प्रभावित स्थानको भ्रमण गर्नुभयो।। यस भ्रमण कार्यक्रममा उत्तर जिल्लाका जिल्लापाल कर्मा आर बोन्पोलगायत सम्बन्धित विभागका अधिकारीगणको उपस्थिति रहेको थियो। टोलीले अम्बीथाङ राफोङजस्ता विभिन्न पैह्रो प्रभावित स्थानको भ्रमण साथै पैह्रो प्रभावित क्षेत्रको भ्रमणका अवसरमा खण्डीय वन अधिकारी र अन्य विभागका अधिकारीवर्ग पनि सामेल थिए।

राफोङ खोलाबाट शुरू भएको निरीक्षणको अवसरमा राफोङ खोलामा वन विभागले स्थानीय नागरिकहरूको सुविधाकालागि फङ्के (लग ब्रिज) तयार गरेको छ। राफोङ खोलामा पैह्रो अति नै संवेदनशील भएको कारण स्थानीयहरूलाई यो स्थानबाट पार हुन धेरै कठिन भएको थियो। निरीक्षण टोलीले लण्ठे खोला प्रभावित क्षेत्रको पनि भ्रमण गऱ्यो। यहाँ पैह्रोले सड्कलाई पूर्णरूपले क्षति पुऱ्याएको थियो। भल पैह्रोले ताण्डव मच्चाएको कारण सडक सम्पर्कलाई क्षति पुगेको थियो। लण्ठे खोलापछि मन्त्री र अधिकारीवर्गको टोलीले लोवर मगन बजारस्थित पैह्रोका दृष्टिले संवेदनशील रहेको क्षेत्रको भ्रमण गर्नुभयो। यहाँ धेरैवटा घरलाई पैह्रोले क्षति पुऱ्याएको छ।

उत्तर जिल्लाका विभिन्न स्थानमा पैह्रोले सिर्जना गरेको समस्यालाई ध्यानमा राख्दै उत्तर जिल्लाका जिल्लापाल कार्यालयमा एउटा समीक्षा सभा पनि बस्यो। जिल्लापाल कर्मा आर बन्पोले पनि टोली तयार गरिएको जानकारी गराउनुभयो। सशस्त्र पुलिसको टोलीलाई पनि खोजी तथा बचाउ कार्यका लागि तयार राखिएको थियो।

भारी वर्षाका कारण उत्तर जिल्लामा केही दिन सडक सम्पर्क ठप्प बन्यो। मगन चुङथाङमाझ विभिन्न स्थानमा पैह्रोको कारण सडक भत्किएपछि यातायात सुचारू गर्न लगभग ५० वटा घर क्षति भएको छ भने यी मध्ये कतिपय घरहरू पूर्णरूपले क्षति भएका छन्। भारी वर्षा र पैह्रोले कतिपय स्कूललाई पनि क्षति पुगेको कारण जिल्ला प्रशासनले आइतबारसम्मका लागि स्कूल बन्द गर्ने विर्णय गरेको छ। उत्तर जिल्लाका संवादाता अनुसार उत्तर जिल्लामा धेरैवटा ठूलो पैह्रोहरू गएका छन्। राफोङ खोला र लान्टेबाहेक अम्बिथान,मेयोङ र वाङ खोलामा निक्कै ठूलो पैह्रो गएको छ। यी स्थानमा फड्के यात्रा गर्नु पनि जोखिमपूर्ण भएको छ।

वन विभागको टेरिटोरियल अनुभागले राफोङ र अम्बिथाङमा फड्के पुल तयार गरेको छ। माङ्शिला तिबुक जीपीयूअन्तर्गत सोमबहादुर लिम्बू, जगतबहादुर लिम्बू,नरबहादुर शर्मा र टिकाराम शर्मा(रालक)-को घरलाई भल पैह्रोले क्षति पुऱ्याएको छ। यसरी नै सोमबहादुर लिम्बुको तीनवटा परिवारलाई सुरक्षित पैह्रोले बगायो। सोमबहादुर लिम्बुको घर पैह्रोको कारण संवेदनशील भएपछि उहाँको परिवारलाई सुरक्षित स्थानमा सरिएको छ।

यसरी नै लोवर जङ्गुको तरेङ निवासी शेराप लेप्चाको घरलाई पैह्रोले क्षति पुऱ्याएको छ। उनको गाई वस्तुलाई पनि पैह्रोले बगाएको छ। तरेङको पैह्रोले गोर साङगोङ-सान्तोक जाने सड्कलाई प्रभावित बनाएको छ।

अप्पर तिङ्जे र अप्पर सुसिङ वार्डको पीएमजीएसवाई सडक र केही घरहरू पैह्रोले क्षति भएको छ। यसरी नै पैह्रोको कारण रिङहिम-नामपताम,सिङ्गिक-सेन्ताम र टुङ नागा कारण आमा र छोरासाई घाइते बनाएतो छ। भीमलाल शर्माकी पत्नी मनकुमारी शर्मा र उनको १५ वर्षीय छोरा घाइते बनेको छन्। घाइते हुने दुवैजनालाई मगन अस्पताल पुऱ्याएको छ।

## पदमचेमा कानूनी सेवा शिविर आयोजित

**पाकिम।**
पदमचे ग्राम प्रशासनिक केन्द्रमा १६ सितम्बरका दिन कानूनी सेवा शिविरको आयोजन गरियो। यो एनएलएसए-बाट हालैमा स्वीकृत नमूना हो जसको ध्येय मानसिक रूपमा कमजोरवर्ग अनि वरिष्ठ नागरिकहरूका लागि कानूनी सेवा रहेको छ।

जिल्ला कानूनी सेवा प्राधिकरण अनि तालुक कानूनी सेवा समितिद्वारा आयोजित कार्यक्रममा जिल्ला सत्र न्यायधीश एवम् डीएलएसएसीई-का अध्यक्ष जगत बी राई, दिवानी न्यायधीश/न्यायिक मजिस्ट्रेट एवम् डीएलएसएसीई-की सचिव रनजिता प्रधान, प्रशिक्षणका लागि न्यायिक मजिस्ट्रेट लगायत अन्यको उपस्थिति थियो।

यस अवसरमा स्वास्थ्य शिक्षा अधिकारी ज्ञानेन्द्र कार्की, कानूनी उकिल दिलीप कुमार तामाङ, पाकिम पुलिस स्टेशनका उपनिरीक्षक आशिष भुजेल, एसटीएनएम अस्पतालका वरिष्ठ मनोचिकित्सक डा. एन थापा अनि एकिकृत बाल सुरक्षा योजनाअन्तर्गत सामाजिक कार्यकरता अमृत शर्मा स्रोतवक्ता रहेका थिए।

ज्ञानेन्द्र कार्कीले अत्महत्या अनि क्षयरोगको कारण साथै निवारणबारे जानकारी गराउनुभयो। यस रोगबाट संक्रमित रोगीहरूको उपचारका निम्ति अतिरिक्त देखभालको आवश्यकता पर्ने कुराको पनि उहाँले जानकारी गराउनुभयो।

आफ्ना अभिभावकहरूले परित्याग गरेको खण्डमा शिशुलाई गोद लिने प्रक्रिया र सुरक्षा आवासको बारेमा सामाजिक कार्यकरता अमृत शर्माले अवगत गराउनुभयो। यसैगरी कानूनी उकिल दिलीप कुमार तामाङले नशालु पदार्थको दुरूपयोग, यसबाट सुरक्षा अनि सिक्किम गैर नशालु पदार्थ ऐन २०१६ र २०१७ साडा संसोधन ऐनको बारेमा बताउनुभयो।

# त्रिलोक सुब्बा रजत पदक जित्ने पहिलो खेलाडी

**गान्तोक।**
७औं दान अन्तरराष्ट्रिय खेलाडी त्रिलोक सुब्बा रजत पदक जित्ने पहिलो भारतीय खेलाडी बन्नुभएको छ। उहाँले एसियन पेसेफिक ग्याम्समा भएको ताइक्वाण्डो पोमामा यो सफलता हासिल गरेका हुन्। ७-देखि ९ सितम्बरसम्म भएको एसियन पेसेफिक ग्येम्सको आयोजना मलेसियाको पेनाङ टापुमा गरिएको थियो।

यस सफलता पछि सुब्बाले भन्नुभयो, ''मैले स्वर्ण पदक जित्नका लागि धेरै अभ्यास गरेको थिएँ तर रजत पदकमा सन्तोष गर्नुपऱ्यो। यद्यपि यस प्रतिष्ठित प्रतियोगिताबाट भारतीय ताइक्वाण्डोमा रजत पदक प्राप्त गर्ने पहिलो व्यक्ति बन्दै मेरो देशका निम्ति इतिहास कायम गर्न सफल बनें।''

''म यो पदक स्व. पीआर प्रधानलाई समर्पित गर्न चाहन्छु जो आफ्नो लक्ष्यलाई पूरा गर्दै सुमी जिम हल स्थापित गर्न सफल बन्नका साथै मेरो उच्च स्तरको अध्ययनको समयमा ताक्वाण्डो अभ्यास गर्ने अवसर दिनुभयो। म महाप्रबन्धक पीए गुरूङ लगायत मेरा वरिष्ठ अनि टीएफआइ-प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु,'' उहाँले भन्नुभयो। एसएटीए सभापति अनि सदस्यहरूले पनि उहाँलाई यस सफलताका लागि बधाई दिएका छन्।

## गेजिङमा पहिलोपल्ट गरियो अर्थो सर्जरी

**गेजिङ।**
गेजिङ जिल्ला अस्पतालमा पहिलोपल्ट अर्थो सर्जरी गरियो। अस्पतालका हड्डी विशेषज्ञ डा. विष्णु शाक्या, डा. छेवाङ डोमा भोटिया, डा. प्रभात राई, एसटीएनएम अस्पतालका स्टाफ नर्सहरू र अन्य विशेषज्ञहरूको टोलीले चार पुरूष रोगीहरूको सफल सर्जरी गरेको जानकारी छ।

चिकित्सकहरूको संयुक्त टोलीले गेजिङ जिल्ला अस्पतालको इतिहासमै पहिलोपल्ट अर्थो सर्जरी गरेको हो। जिल्ला अस्पतालमा प्रदान गरिने एकीकृत नियमित स्वास्थ्य सेवा अन्तर्गत सर्जरी गरिएको जानकारी गराइएको छ। पश्चिम जिल्लाका मुख्य चिकित्सा अधिकारी (सीएमओ) अनुसार स्वास्थ्य विभागले गेजिङ जिल्ला अस्पतालमा आम मानिसहरूलाई पर्याप्त स्वास्थ्य सेवा उपलब्ध गराउन ध्यान केन्द्रित गरिएको छ।

## लाङगाङको पूर्व छात्र समितिद्वारा पुनर्मिलन कार्यक्रम आयोजित

**गेजिङ।**
लाङगाङ माध्यमिक विद्यालयका पूर्व छात्र समितिद्वारा पुनर्मिलन कार्यक्रम आयोजन गरियो। क्योङसास्थित जिल्ला भवनको सम्मेलन कक्षमा सम्पन्न कार्यक्रममा स्वास्थ्य साथै सूचना एवम् सन सम्पर्क विभाग मन्त्री अर्जुन कुमार घतानी मुख्य अतिथि हुनुहुन्थ्यो।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा मन्त्री घतानीले विगतका विद्यालयको समयहरूलाई सम्झना गर्नुहुँदै आफूलाई पढाउने शिक्षक-शिक्षिकाप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले पूर्व छात्र सदस्यहरूलाई शुभकामना दिनुहुँदै विद्यालयको प्रगतिका निम्ति काम गर्न सल्लाह दिनुभयो। उहाँले विभिन्न सांस्कृतिक प्रस्तुतिहरू राख्ने विद्यार्थीहरूलाई बधाई दिनुभयो अनि आफ्नो प्रतिभालाई अझ तिखारेर आगामी दिनमा धेरै सफल बनुपर्छ भनी सल्लाह दिनुभयो।

विद्यालयको प्रगतिको निम्ति आफू जहिले पनि सहयोगको निम्ति अघि आउने छु भन्नुहुँदै पूर्व विद्यार्थी संगठनलाई पञ्जिकरण गराउने वादा गर्नुभयो। विद्यालयका निम्ति आवश्यक अस्थायी प्रेक्षा गृहको निर्माणका निम्ति विद्यालयका पूर्व विद्यार्थीहरूले पनि पहल गर्ने भएका छन् जसको कारण यहीँ परामर्श, नेतृत्व विकासका निम्ति प्रशिक्षण अनि विद्यार्थीहरूका निम्ति मूल्यवर्धक शिक्षाबारे कार्यशाला आयोजन गर्न सकियोस।


## सिक्किम राज्य व्यापार निगम

(सिक्किम सरकार अधिनस्थ)

**देउराली, गान्तोक -७३७१०२**

दूरभाष सङ्ख्या ०३५९२-२८१९५५,२८१९५६, २८१९५७

फ्याक्स ०३५९२-२८१९५४

Email:stcs 1972gmail.com

एनआईटी संख्याः एसटीसीएस/आईएण्डएस/१२८/आरएण्डबी/२०१८-१९

मिति ०५.०९.२०१८

आरओ संख्या ३३२/आईपीआर/पीयूबी/क्लासी/१८-१९

### निविदा आमन्त्रण सूचना

प्राधिकृत विक्रेताहरुबाट मेटल बिम क्यास बेरियरको आपूर्तिका लागि विभिन्न निर्माताहरूबाट मोहरबन्द निविदा आमन्त्रण गरिन्छ।

नियम अनि शर्तसहित सामग्रीको पूर्ण सूचिका विषय विस्तार जानकारी हाम्रो वेबसाइट www.stcsikkim.in बाट प्राप्त गर्न सकिनेछ।

प्रबन्धन निदेशक



## भू-राजस्व तथा आपदा प्रबन्धन विभाग सिक्किम सरकार, मनन् केन्द्र

संख्या १४/एलआरडीएमडी/ओसीक्यू/जीओसी मितिः ०१/०९/२०१८

**भूमि अधिग्रहण, पुनर्वास अनि पुनःस्थापना ऐन, २०१३ (२०१३-को ऐन ३०)-मा उचित क्षतिपूर्ति अनि पारदर्शीता अधिकारको धारा ११(१)-अन्तर्गत प्रारम्भिक अधिसूचना**

यद्यपि, यो कुरा राज्यपालको संज्ञानमा आएको छ कि सार्वजनिक उद्देश्यले उत्तर सिक्किमको लाचुङ खण्डस्थित दोगयेथाङमा भारत-तिब्बत सीमा पुलिस सेना (आईटीबीपी)-को ४८औं बाहिनीद्वारा कोलोनियल मुख्यालय स्थापनाका लागि जमीन आवश्यक हुनसक्छ। यहाँबाट सूचित गरिन्छ कि तल उल्लेखित **''सम्पतिको सूचि''**-मा सामेल गरिएका भू-कर सम्बन्धित विभिन्न जमीनका टुक्राको प्लट संख्या ७३१ अनि अधिक अथवा परिमाण लगभग ०.१२०० हेकटेयर (नीजि जमीन) उत्तर सिक्किमको लाचुङ खण्डभित्र सार्वजनिक खर्चमा उपरोक्त सार्वजनिक उद्देश्यका लागि आवश्यक हुन सक्छ।

### सम्पतिको सूचि

**लाचुङ खण्ड**

परिमाण लगभग ०.१२०० हेकटेयर अनि प्लट संख्या ७३१ भएको नीजि जमीन।

**सीमानाहरू**

पूर्वमाः सिक्किम सरकार खासमल अनि केन्द्र सरकार।

पश्चिमः सिक्किम सरकार खासमल अनि छेङ्गा पिन्सो भोटिया।

उत्तरः छेङ्गा पिन्सो भोटिया, सिक्किम सरकार खासमल।

दक्षिणः केन्द्र सरकार अनि दावा टाशी भोटिया

यस प्रारम्भिक अधिसूचनामा निर्धारण गरिएअनुसार उत्तर जिल्लाका जिल्लापालको अग्रिम स्वीकृति बिना कुनै पनि व्यक्तिले जमीनको कुनै पनि लेनदेन गर्न अथवा लेनदेनको कारण बनाउन अथवा यो अधिसूचना प्रकाशित भएको मितिबाट यस प्रकारको जमीनमा कुनै पनि बाधा सीर्जना गर्न पाउनेछैन।

यस जमीनको योजना जिल्लापाल, उत्तर सिक्किम, मगनको कार्यालयमा हेर्न सकिनेछ।

आदेश अनुसार

**एसडी/-**

**(सेगल टाशी), आईएएस**

**आयुक्त एवम् सचिव,**

**भू-राजस्व एवम् आपदा प्रबन्धन विभाग**

**सिक्किम सरकार**

मिसिल संख्या ४७८/एलआरडीएमडी/एसीक्यू/जीओएस

# हि याङथाङ विद्यालयमा सम्मान कार्यक्रम आयोजित

**गेजिङ।**
मानेबुङ देन्ताम समष्टिको हि याङथाङ वरिष्ठ माध्यमिक विद्यालयमा सम्मान कार्यक्रम सम्पन्न भयो। क्षेत्र विधायक एवम् मन्त्री नरेन्द्रकुमार सुब्बा मुख्य अतिथि रहनुभएको वरिष्ठ माध्यमिक विद्यालयद्वारा आयोजित कार्यक्रममा मानव संसाधन विकास विभागका उपनिर्देशक टी पाञ्जो शेर्पा, जिल्लाका पूर्व पञ्चायत बीबी विष्ट, जिल्ला र ग्राम पञ्चायतका सम्पूरण सदस्यगण, विद्यालय प्रबन्धन समितिका अध्यक्ष आरबी विष्ट, विद्यालयका प्राचार्य लेकराज पोखे्रल लगायत शिक्षक शिक्षिका साथै विद्यार्थीवर्गको उपस्थिति रहेको थियो।

वर्ष २०१८-को बोर्ड परीक्षीमा राज्यस्तरमा प्रथम, दोस्रो, तेस्रो र चौथो स्थानमा आउने विद्यार्थीवर्गको उपस्थिति रहेको कार्यक्रममा वर्ष २०१८-को वोर्ड परीक्षामा राज्यस्तरमा प्रथम, दोस्रो, तेस्रो र चौथो स्थानमा आउने विद्यार्थीहरूलाई सम्मान जनाइयो। यस अतिरिक्त विद्यालयपक्षबाट समारोहका मुख्य अतिथि एवम् मन्त्री नरेन्द्रकुमार सुब्बालाई पनि उहाँले क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै अभिनन्दन गरियो। बोर्ड परिक्षामा राज्य टप्पर हुने ऐसा लिम्बूलाई पनि अभिनन्दन जनाइयो। यसरी नै विज्ञानमा राज्य टप्पर हुने भुपेन्द्र छेत्री, सत्यम छेत्री, अभिषेक लिम्बूलाई सम्मान जनाइयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्य अतिथि सुब्बाले वर्तमान सरकारले राज्यका विभिन्न विद्यालयहरूको बढोत्तरी गर्नसितै विद्यालयहरूको परिणाममा पनि सुधार ल्याउन भरपुर कोशिश गर्दै आइरहेको छ।

अहिले निजी विद्यालयहरूभन्दा पनि सरकारी विद्यालयका विद्यार्थीले धेरै उन्नति गरिरहेको उहाँले बताउनुभयो। पहिलाको समयमाझैं शैक्षिक संस्थानको कमीले आज कुनै पनि विद्यार्थी पछि पर्नु परेको छैन, उहाँले भन्नुभयो। सरकारले चाहेजस्तो शैक्षिक संस्थानहरू तयार गरेर विभिन्न अवसर उपलब्ध गराउँदै आइरहेको पनि उहाँले जानकारी गराउनुभयो।

मन्त्री सुब्बाले विद्यामात्रै यस्तो धन हो, जुन कसैले चोर्न, लुटपाट गर्न सक्दैन भन्नुहुँदै विद्याले नै हाम्रो भविष्य निर्माण गर्ने बताउनुभयो। विद्यार्थीहरू ज्ञानको धन सङ्ग्रह गर्ने दिशामा अघि बढ्नुपर्छ भन्नुभयो।

कार्यक्रममा सम्मानित हुने विद्यालयका चारजना विद्यार्थीहरूलाई उदाहरणको रूपमा लिएर यहाँ अध्ययनरत विद्यार्थीहरूले आफूलाई विभिन्न क्षेत्रमा सक्षम अनि दक्ष बनाउन सक्नुपर्छ भनी मन्त्री सुब्बाले सुझाउ दिनुभयो।

उहाँले पारितोषकको रूपमा विद्यालयलाई एक लाख रूपियाँ प्रदान गर्नुभयो भने आगमी कौस्तुब जयन्तीको निम्ति धेरै विषयमा सहयोग पुऱ्याउने वचन पनि दिनुभयो।

# सामाजिक कल्याण विभागद्वारा लाभार्थीहरूलाई अनुदान प्रदान

**गान्तोक।**
सिक्किम सरकारको सामाजिक न्याय, सशक्तीकरण एवम् कल्याण विभागले आफ्ना विभिन्न योजनाहरूअन्तर्गत लाभार्थीहरूलाई अनुदान वितरण गरेको छ।

लुम्सेस्थित विभागको सम्मेलन कक्षमामा सम्पन्न राष्ट्रिय सामाजिक सहायता कार्यक्रममा भिन्नरूपले सक्षमहरूसित विवाह, अन्तरजातीय विवाह, नागरिक अधिकार संरक्षण एवम् अत्याचार रोकथाम अधिनियम र राष्ट्रिय परिवार लाभ योजनाअन्तर्गत लाभार्थीहरूलाई अनुदान वितरण गरियो। कार्यक्रममा केन्द्रिय सामाजिक कल्याण सल्लाहकार बोर्डकी अध्यक्ष फुरमित लेप्चा, सिक्किम बाल अधिकार सुरक्षा आयोगकी अध्यक्ष डिकिला भोटिया, सामाजिक न्याय, सशक्तिकरण एवम् कल्याण विभागका सचिव केबी प्रधान आदिको उपस्थित रहेको थियो।

लाभार्थीहरूलाई बधाई दिनुहुँदै फुरमित लेप्चाले यसभन्दा अघि भिन्नरूपले सक्षम व्यक्तिहरूलाई समाजको मुख्यधारमा एकीकृत गरिएको थिएन तर अहिले उनीहरूसित विवाह योजनाका कारण समाजले भिन्नरूपले सक्षम व्यक्तिहरूसितको विवाहलाई स्वीकार गरिरहेको बताउनुभयो।

उहाँले राज्य सरकार जनमुखी रहेको र सिक्किमका जनताले सरकारका विभिन्न योजनाहरूबाट फाइदा उठाउन सक्नुपर्छ भन्नुभयो। उहाँले विधवा पुनः विवाह, अविवाहिता पेन्सन, छात्रवृत्ति, ट्रान्सजेन्डर पेनसन आदि योजनाहरू रहेको जानकारी दिनुभयो। ग्रामीण क्षेत्रहरूमा अझै पनि मानिसहरू यी योजनाहरूबारे अनभिज्ञ रहेको र उनीहरूलाई जागरूक गराउन आवश्यक रहेको पनि उहाँले बताउनुभयो।

सिक्किम बाल अधिकार सुरक्षा आयोगकी अध्यक्ष डिकिला भोटियाले मानिसहरूलाई सामाजिक कल्याण योजनाहरूबाट सक्दो फाइदा उठाउन र यी योजनाहरूबारे जागरूकता फैलाउने आह्वान गर्नुभयो। यसअघि सचिव राईले भिन्न रूपले सक्षम मानिसहरूलाई समाजको मुख्यधारामा ल्याउने उद्देश्यका साथमा सरकारले यस्ता योजनाहरू लागू गरिरहेको कुरा जनाउनुभयो। अतिरिक्त सचिव केबी प्रधानले विभागका विभिन्न योजनाहरूबारे जानकारी दिनुभयो।

कार्यक्रममा भिन्नरूपले सक्षम व्यक्तिहरूसित विवाह योजनाअन्तर्गत जम्मा १५ दम्पति,अन्तरजातीय विवाह योजना र नागरिक अधिकार संरक्षण एवम् अत्याचार रोकथाम अधिनियमअन्तर्गत १९ दम्पति र राष्ट्रिय परिवार लाभ योजनाअन्तर्गत ७० लाभागर्थीहरूलाई अनुदान वितरण गरियो। यसैगरी विभागले बीपीएल वर्गका १२ जना वरिष्ठ नागरिकलाई प्रेसर कुकर पनि वितरण गरेको छ।

# सेनाको सहयोगमा पैह्रो प्रभावित स्थानमा फँसेका मानिसहरूको उद्धार

**मगन।**
भारतीय सेना र भारतीय वायु सेनाको त्रिशक्ति कर्प्सले स्थानीय नागरिक अनि प्रशासनसित मिलेर १४ सितम्बरका दिन उत्तर सिक्किमका विभिन्न सुदुर ठाउँहरूमा फँसेका पर्यटकहरूलाई हेलिकप्टरको सहायताले सुरक्षित स्थानसम्म पुऱ्याउने काम गरेको छ। तीन दिनको लगातार वर्षाका कारण राज्यका अन्य जिल्लाहरूसित उत्तर जिल्लाको सम्पर्क टुटेको थियो। लगातारूपमा परेको पानीका कारण विभिन्न ठाँउहरूमा पैह्रो जानका साथै कतिपय स्थानमा सडक मार्ग साथै पुलहरू ध्वस्त बनाएको थिय।

स्थानीय नागरिक अनि प्रशासनद्वारा सहायताको निम्ति माग गरिएपछि सेनाले तत्काल आफ्नो हेलिकप्टर सेवा लगातार रूपमा तीनसम्म उपलब्ध गरेर फँसेका पर्यटकहरूलाई सुरक्षित ठाउँसम्म पुऱ्याउने व्यवस्था गरेको छ। हेलिकप्टरले उत्तर जिल्लाबाट गान्तोक र सेवकसम्म धेरैपल्ट उडान भरेर फँसेका स्थानीयवासी लगायत पर्यटकहरूलाई पुऱ्याउने काम गऱ्यो।

यस अवधि वृद्ध महिला र नानीहरू गरी लगभग एक सयजनालाई निकाल्ने काम गरिएको थियो। यसमा एकजना गर्भवती महिला र उहाँका पति पनि सामेल रहेका थिए। यसका साथै सेनाले कतिपय मानिसहरूलाई चिकित्सा सुविधा पनि उपलब्ध गराएको थियो।

यस अतिरिक्त भारतीय सेनाले फँसेका पर्यटकहरूका निम्ति टेन्ट, ब्ल्याङ्केट, खान-पानलगायत अन्य आवश्यक व्यवस्था उपलब्ध गरेको थियो। गान्तोक अनि सेवक आइपुगेका स्थानीय नागरिक लगायत पर्यटकहरूको एकपल्ट पुनः स्वास्थ्य जाँच गरियो। भारतीय सेनाले फँसेका सबै मानिसहरूलाई प्रभावित स्थलबाट बाहिर ननिकालेसम्म यो कार्य चलिरहेको जानकारी गराएको छ।

# जैविक कृषिमाथि प्रशिक्षण आयोजित

**गेजिङ।**
जैविक कृषि तकनिकलाई बढावा दिन अनि मजबुत बनाउने उद्देश्यका साथ क्षमता विकासको एउटा भागको रूपमा वार्ड स्तरीय प्रशिक्षण कार्यक्रम आयोजन गरियो। माभिदिर द्वारा सरदुङ-लुङजिक ग्राम पञ्चायत एकाइ भरिका कृषकहरूलाई लिएर १० सितम्बरका दिन आयोजित कार्यक्रम ज्ञानमाया लिम्बूको घरमा सम्पन्न भयो।

बागवानी विभागका अधिकारी वाइबी गुरूङ र स्थलगत सहायक (एफए) लालबहादुर छेत्री स्रोतवक्ता रहनुभएको कार्यक्रममा माभिदिरकी प्रमुख प्रशिक्षिका सबिता राईको पनि विशेष उपस्थिति रहेको थियो।

प्रशिक्षिका सबिता राईले प्रशिक्षणको शुरूमा फर्मेन्टेड प्लान्ट एक्सट्रेक्ट (एफपीई)-को तयारीबारे जानकारी गराउनुभयो। उहाँले यस इलाकामा पाइने विभिन्न प्रकारका स-साना बोट विरूवाका हरिया पातको प्रयोग गरेर एफपीई तयार पार्नसकिने कुराको पनि अवगत गराउनुभयो।

वाइबी गुरूङले जैविक कृषिको बारेमा बोल्नुहुँदै सरकारका विभिन्न योजनाको बारेमा अवगत गराउनुभयो।

# माभिदिरद्वारा वार्डस्तरीय प्रशिक्षण कार्यक्रम आयोजित

**बुदाङ।**
कृषि कल्याण अभियानअन्तर्गत माभिदिरद्वारा १३ सितम्बरका दिन पश्चिम जिल्लाको बुदाङ-मालबाँसे ग्राम पञ्चायत एकाई (जीपीयू)-मा जैविकक कृषिमाथि जीपीयू स्तरीय प्रशिक्षण कार्यक्रम आयोजन गरियो।

कार्यक्रममा कृषि विभागका सहनिर्देशक जिग्मी भोटिया, विभागीय अधिकारी प्रणय शर्मा, भीएलडब्ल्यू कविता मगर र प्रशंसा राई, स्थलगत सहायक श्याम बहादुर छेत्री लगायत माभिदिरकी प्रमुख प्रशिक्षक विनिता राई र मेनुका राई रहनुभएको थियो।

सहनिर्देशक जिग्मी भोटियाले पहिलो चरणको प्रशिक्षणमा फार्म मशिनिकरणको माध्यमबाट कृषिको निम्ति आवश्यक श्रमिकहरूको वेतनको समस्यालाई कसरी अघि ल्याउन सकिन्छ भन्ने विषयमा जानकारी गराउनुभयो।

माभिदिरकी प्रमुख प्रशिक्षक विनिता राईले रबी फसलको प्याकेजिङको अभ्यासबारे जानकारी गराउनुभयो। आफ्नो बारीमा कुनै पनि फसल लगाउन अघि बारी सही रूपमा तयार पार्न आवश्यक हुने विषयमा पनि उहाँले उपस्थित कृषकहरूलाई जानकारी गराइन्।

## हाजीरीजवाफ आयोजित

**सोरेङ।**
सोरेङस्थित हिमालयन अकादमीद्वारा अन्तर विद्यालय निम्न माध्यमिक स्तरीय हाजीरीजवाफ प्रतियोगिता आयोजन गरियो। प्रतियोगितामा नीजि अनि सरकारी गरी ६-वटा विद्यालयले भाग लिएका थिए।

राष्ट्रिय शिक्षक पुरस्कारले सम्मानित दिनेश पेगाको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा आयोजक विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिका लगायत विभिन्न विद्यालयका विद्यार्थीहरूको भारी उपस्थिति थियो।

टेन्डरफिट अकादमी प्रतियोगिताको प्रथम बन्यो भने ग्रिन भेल्ली अकादमी दोस्रो, सोरेङ सरकारी वरिष्ठ माध्यमिक विद्यालय र टिम्बुरबुङ विद्यालय तेस्रो अनि माउन्ट केटु अकादमी चौथो बने।

## मन्त्रीले लिनुभयो बहुविशेषतायुक्त अस्पतालको कार्यप्रगतिको जायजा

**गान्तोक।**
सास्थ्य, हेरचाह, मानव सेवा एवम् परिवार कल्याण विभाग मन्त्री अर्जुन कुमार घतानीले १० सितम्बरको साँझ सिच्छेस्थित सहु विशेषतायुक्त निर्माणाधिन अस्पतालको निरीक्षण गर्नुभयो। यस अवधि मन्त्री घतानीसित विभागका आयुक्त एवम् सचिव विशाल चौहान, प्रधान निर्देशक डा. पेम्पा टी भोटिया, राष्ट्रिय स्वास्थ्य अभियानका अभियान निर्देशक डा. बिमल कुमार राई लगायत अन्य अधिकारीगणको उपस्थिति थियो।

निर्माण कार्य पूरा हुन लागेको अस्पतालको कार्य प्रगतिको मन्त्रीले जायजा लिनुभयो अनि सबैसित निर्माण कार्यको गतीलाई बढाउन आग्रह गर्नुहुँदै जसको कारण जतिसक्दो छिटो अस्पताल शुरू गर्न सकियोस भनी बताउनुभयो। यहाँ उल्लेख गर्न योग्य कुरा के छ भने अस्पतालमा बिरामीहरूका केही पलङ अनि एमआरआइ र क्याथ ल्याब सम्बन्धित वार्डमा जडान गरिसकिएको छ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
*S.G.P.G - 572 / Nepali Herald 2500 Cps. 22.09.2018*